सम्पादकीय

# भूमे साप्ताहिक

वर्ष ७ अङ्क १७ मंसिर ०७ आईतबार

## गाउँपालिकाको संरचना क्रान्ति

भूमे गाउँपालिकाले वडास्तरमै पक्की प्रशासनिक भवन निर्माणलाई द्रुत गतिमा अघि बढाएको तथ्यले स्थानीय शासनको गुणस्तर, पहुँच र विश्वसनीयताबारे नयाँ आशा जगाएको छ । अघिल्लो वर्षसम्म भाडाको घरमा सेवाग्राहीलाई सेवा दिन बाध्य वडाहरू आज आफ्नै संरचनाबाट सेवा प्रवाह गर्न नजिक पुगेका छन् । यो यात्राले विकासका प्राथमिकतामा प्रशासनिक मजबुतीलाई केन्द्रमा राखिएको स्पष्ट संकेत दिन्छ ।वडा नं. १ लुकुम र वडा नं. ७ धर्मशालामा पक्की भवन निर्माण सम्पन्न भइसकेको छ । सेवा दिने अधिकारिक थलो नै पक्की, सुरक्षित र सुगठित भएपछि सेवाग्राहीमैत्री वातावरण सिर्जना हुनु स्वाभाविक हो । हाम्रो जस्तो हिमाली जिल्लामा अब सेवा भोग्न टाढा धाउनुपर्दैन । यति मात्र होइन, प्रशासनिक विश्वसनीयता र अनुशासन स्थापित गर्न पनि पक्की भवनले महत्वपूर्ण भूमिका खेल्छ ।

गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठको ‘सबै वडामा एउटै स्वरूप, एउटै मापदण्डका आधुनिक भवन’ निर्माण गर्ने नीति सही दिशा र दीर्घदृष्टिको पहिचान हो । स्थानीय सेवाग्राहीको दैनिक हक–अधिकारसँग प्रत्यक्ष सम्बन्ध हुने वडास्तरमै अब लाइन व्यवस्थापनदेखि पहुँचमैत्री संरचनासम्मका सुविधा उपलब्ध गराउने योजनाले स्थानीय शासन प्रणालीलाई व्यवस्थित र आधुनिक बनाउने अपेक्षा गर्न सकिन्छ । तर, यो मात्र संरचना निर्माणको कुरा होइन । यो स्थानीय सरकारको प्राथमिकता, सेवा प्रवाहमा देखिएको सुधार, र जनताको अपेक्षासँग मेल खाने व्यवहारिक प्रतिबद्धताको मुद्दा हो । वर्षौंदेखि अस्थायी कार्यालयमा सेवा लिन बाध्य स्थानीयका लागि यी नयाँ भवनहरू केवल ‘इमारत’ होइनन्, विश्वास र समान पहुँचको आधारभूत संरचना हुन् ।

अब चुनौती भनेको निर्माण भइरहेको भवनहरूको गुणस्तर, समयमै हस्तान्तरण, र पर्याप्त जनशक्ति व्यवस्थापन हो । भवन बनेसँगै सेवा प्रभावकारी नबने पुनः असन्तुष्टिको चक्र सुरु हुन सक्छ । त्यसकारण, संरचना निर्माणसँगै सेवा प्रणाली सुधार, जनशक्ति प्रावधान र उत्तरदायित्वको स्पष्ट मापदण्ड एकैसाथ अगाडि बढाउनुपर्छ ।

भूमे गाउँपालिकाले पाँच वर्षे कार्यकालमै सबै वडामा पूर्ण रूपमा सेवा सुगमता सुनिश्चित गर्ने लक्ष्य सार्वजनिक गरेको छ । यो लक्ष्य कागजमा मात्र सीमित नहोस्, स्थानीय जनताले व्यवहारमै अनुभव गर्न पाऊन् । यही नै वर्तमान नेतृत्वको सफलताको वास्तव । अर्को चरण, भवन मात्र होइन । सेवाको गुणस्तरमा प्रतिस्पर्धा होस् ।



प्रकाशक

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको
कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

समचार

वर्ष ७ अङ्क १७ २०८२ मंसिर ०७ आईतबार

# एक पछि अर्को गर्दैं वडामा पक्की भवन

## सेवा प्रवाह सहज बन्दै




❖ *बालाराम शेर्पाली*

रुकुमपूर्वको भूमे गाउँपालिकाले वडास्तरमै पक्की प्रशासनिक भवन निर्माणलाई तीव्रता दिएसँगै स्थानीय सेवा प्रवाह सहज बन्दै गएको छ । गाउँपालिका भित्र रहेका ९ मध्ये हाल दुई वडामा पक्की भवन निर्माण सम्पन्न भइसकेका छन् भने बाँकी वडाहरुमा निर्माण प्रक्रिया द्रुत गतिमा अघि बढिरहेको गाउँपालिकाले जनाएको छ।

वडा नम्बर १ लुकुममा मध्येपहाडी लोकमार्गदेखि करिब ५० मिटरको छेउमा करिब ३ रोपनी क्षेत्रफलमा बनेको नयाँ भवनबाट नागरिकले हाल सहज रूपमा सेवा लिइरहेका छन् । यसअघि वडा कार्यालय भाडाको भवनमा सञ्चालन हुँदै आएको थियो । वडा नम्बर ७ धर्मशालामा रहेको प्रशासनिक भवन निर्माण कार्य शुभम सेवा कम्पनीले ०८०/१०/२६ गतेको सम्झौता अनुसार सम्पन्न गरिसकेको वडाध्यक्ष संगम रोका बताउँछन् । हाल भने भवन हस्तान्तरण प्रक्रियाको तयारी चलिरहेको र केही दिनमै आफ्नै पक्की भवनबाट सेवा दिने उनले जानकारी दिए । "अहिलेसम्म भाडाको घरमा बसेर सेवा दिँदै आएका थियौँ । अब आफ्नै पक्की भवन तयार भएपछि सेवा प्रवाह झन् सहज र व्यवस्थित हुन्छ," रोका भन्छन् ।

गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठका अनुसार ९ वटै वडामा एउटै स्वरूपका, समयअनुकूल र सेवाग्राहीमैत्री

भवन निर्माण गर्ने नीति अनुसार काम अघि बढिरहेको छ। "हामीले बनाउन लागेका सबै प्रशासनिक भवनको बाहिरी ढाँचा एउटै राखेका छौँ। सेवाग्राहीलाई लाइनमै व्यवस्थापन गर्न मिल्ने, पहुँचमैत्री र सुरक्षित भवन निर्माण हाम्रो प्राथमिकता हो," अध्यक्ष श्रेष्ठले भने।

उनका अनुसार वडास्तरमा पक्की भवन अभावका कारण स्थानीयले वर्षौंदेखि भोग्दै आएको समस्या अन्त्य गर्न वर्तमान नेतृत्व प्रतिबद्ध छ।

पाँच वर्षे कार्यकालमै सबै वडालाई पूर्ण रूपमा सेवा सुगमता हुने पूर्वाधारसहित विकास गर्ने लक्ष्य गाविसको रहेको उनले जानकारी दिए ।यस्तै, वडा नम्बर ३ को पक्की भवन पनि यसै आर्थिक वर्षभित्र निर्माण हुँदैछ।

गाउँपालिकाले वडास्तरमै पक्की संरचना निर्माणलाई प्राथमिकता दिएसँगै स्थानीय प्रशासनिक सेवा प्रवाह अझ व्यवस्थित हुँदै जाने अपेक्षा गरिएको छ।

# रुकुमपूर्वमा किवी उत्पादन दोब्बर, बजार अभावले कृषक निराश

***बालाराम शेर्पाली***

मंसिर ७ । रुकुमपूर्वका तीन गाउँपालिका- सिस्ने, भूमे र पुथा उत्तरगंगामा कृषकले परीक्षणका रूपमा सुरु गरेको किवी खेती पछिल्ला वर्षहरूमा फस्टाउँदै गएको छ। उत्पादन वृद्धि भए पनि बजार व्यवस्थापन नहुँदा किसानहरू निराश बनेका छन्।

भूमे–५ दालिबाङका मोहनसिंह पुनले ४ वर्षअघि मकै खेती मासेर १५ रोपनी जग्गामा किवी खेती सुरु गरेका हुन्। प्रारम्भिक वर्षमै राम्रो उत्पादन आएपछि करिब १० लाख रुपैयाँ लगानी गरी व्यावसायिक रूपमा विस्तार गरे। तर फल उत्पादन दोब्बर भए पनि बजार अभावका कारण नोक्सानी व्यहोर्न बाध्य भएको पुन बताए । "उत्पादन राम्रै छ, तर बिक्री हुँदैन । यहीले दुःख भोग्नुपरेको छ," पुनले गुनासो गरे ।भूमे–९ लाखराका कृषक बिन्दास पुनमगरले ७ वर्षदेखि १ हजार वर्गमिटरमा किवी खेती गर्दै आएका छन्। वर्षेनी करिब ४ सय

केजी उत्पादन हुने तर बजार नपाउँदा प्रतिकेजी १०० रुपैयाँमै बेच्न बाध्य भएको उनले बताए।

सिस्ने–४ दाडिङका जोखबहादुर घर्तीले दुई हल गोरुको जमिनमा ४ वर्षदेखि किवी खेती गर्दै आएका छन्। यस वर्ष १ हजार ५ सय केजीभन्दा बढी किवी फले पनि बजार नपाउँदा सस्तो मूल्यमा बेचेका छन् ।"प्रतिफल राम्रो छ। तर ग्राहक नै भेटिन्न," घर्तीले दुख व्यक्त गरे।

एकीकृत पशुपन्छी विकास कार्यालयका प्रमुख डिल्लीराज पौडेलका अनुसार जिल्लामा हाल १४ हेक्टरमा किवी खेती फैलिएको छ र यस वर्ष उत्पादन करिब ९९.५ मेट्रिक टन पुगेको छ।"बजार नपाउँदा किसान जतिकै प्रशासन पनि चिन्तित छौँ,"



पौडेलले बताए। उनका अनुसार कृषि कार्यालयले अन्य जिल्लामा बजार समन्वयको पहल गरिरहेको छ। भूमे गाउँपालिकाका कृषि प्रसार अधिकृत स्वतन्त्रराज चौधरी भने किसान आफैं बजार खोज्न नलाग्ने प्रवृत्ति पनि समस्या भएको बताउँछन्। “व्यापारिक बजारमा पुऱ्याउन किवी कम्तीमा ६० ग्रामभन्दा माथि हुनुपर्छ। यहाँ ठूलो आकारको उत्पादन कम छ,” चौधरीले भने। गाउँपालिकाले अनुदानमार्फत किवी खेतीलाई जोड दिंदै आएको उनको भनाइ छ। स्थानीय उत्पादन वृद्धि भएपछि मारिङ बहुउद्देश्य सहकारी संस्थाले पोखरा, बुटवल, काठमाडौं लगायत बजारमा किवी पुऱ्याउने पहल थालेको सहकारीका सन्दीप अधिकारीले जानकारी दिए। जिल्लामा सिस्नेमा २, भूमेमा ५ र पुथा उत्तरगंगामा ३ हेक्टर क्षेत्रफलमा किवी खेती हुँदै आएको छ। किवीको बजार मूल्य प्रति किलो २०० भन्दा बढि रुपैयाँ तोकिए पनि किसानले त्यसभन्दा निकै कम मूल्यमा बेच्न बाध्य छन्।

# मध्यपहाडीमा नाली जाम, ग्रामीण सडकमा नाली नै छैन

## *५५ किमी मध्यपहाडी खण्डसहित रुकुमपूर्वका सडक वर्षेनी जोखिममा*



मंसिर ५ / रुकुमपूर्व। मध्यपहाडी लोकमार्गमा नाली सफाइ नहुँदा र ग्रामीण क्षेत्रमा नयाँ सडक निर्माण गर्दा नाली नै नबनाइदा रुकुमपूर्वका अधिकांश सडक वर्षेनी जोखिमपूर्ण बन्दै आएका छन्। पानी निकास नहुँदा वर्षा सुरु हुनेबित्तिकै सडक भत्किने, हिलाम्ये बन्ने र यातायात अवरुद्ध हुने समस्या दोहोरिन्छ।

स्थानीयका अनुसार वर्षौंदेखि थुनिएका नाली सफाइ नहुनु सडक बिग्रनुको मुख्य कारण हो। पानी सिधै सडकमै बग्ने भएकाले सतह चिरिने, खाल्डाखुल्डी बढ्ने र यात्रा जोखिमपूर्ण बन्ने गरेको छ। सिस्ने, पुथा उत्तरगंगा र भूमे गाउँपालिकाका ग्रामीण सडकमा पनि यही समस्या दोहोरिएको छ। नाली अभावका कारण हरेक वर्ष मर्मतमा लाखौँ रुपैयाँ खर्चिए पनि प्रभाव भने देखिएको छैन, स्थानीयवासीको गुनासो छ। उद्योग वाणिज्य संघ रुकुमपूर्वका अध्यक्ष केबेन्द्र गौतमले नयाँ सडक निर्माणमा नाली छुट्ने प्रवृत्ति अझै कायम रहेको

बताए । “डोजर त पुग्छ, नाली बनाउने सोचचाहिँ पहुँच्दैन,” अध्यक्ष गौतमले भने । “मध्यपहाडीमा समेत नाली सफाइ नगर्दा समस्या ग्रामीण सडककै जस्तो बनिरहेको छ ।”


बुद्धिजीवीहरूका अनुसार नाली सफाइ र नाली निर्माण नसमेट्ने गैरजिम्मेवार योजनाका कारण सार्वजनिक धन वर्षेनी मर्मतकै नाममा दोहोरिदो खर्च भएको छ । नाली व्यवस्थापनलाई प्राथमिकता नदिएकै कारण रुकुमपूर्वका सडक वर्षेनी जोखिमपूर्ण बन्दै जाने देखिएको छ ।

रुकुमपूर्वमा करिब ५५ किलोमिटर मध्यपहाडी लोकमार्ग पर्छ । तर यो खण्डमा वर्षौंदेखि नाली सफाइ नहुनु र ग्रामीण सडक निर्माणमा नाली नै नबनाइदा जिल्लाका अधिकांश सडक वर्षेनी जोखिमपूर्ण बन्दै आएका छन् ।







समचार

वर्ष ७ अङ्क १७ २०८२ मंसिर ०७ आईतबार

# रुकुमपूर्वमा ८५१ नयाँ मतदाता थप, त्रुटि सच्याउन ४५ निवेदन



❖ ***बिरस थापा***

आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनका लागि रुकुमपूर्वमा ८५१ जना नयाँ मतदाता दर्ता भएका छन् । जेन–जी आन्दोलनपछि प्रतिनिधि सभा विघटन गर्दै अन्तरिम सरकारले नयाँ निर्वाचनको मिति तय गरेसँगै जिल्लामा मतदाता नामावली अद्यावधिक कार्य तीव्र बनेको हो । जिल्ला निर्वाचन कार्यालयका अनुसार नागरिकता आधारमा ४३३ जना र राष्ट्रिय परिचयपत्रमार्फत ४१८ जना नयाँ मतदाता समावेश भएका छन् । नागरिकता आधारमा दर्तामध्ये २४० पुरुष र १९३ महिला छन्। राष्ट्रिय परिचयपत्रबाट दर्ता भएकामध्ये महिला–पुरुषको विवरण छुट्याउने काम जारी रहेको कार्यालयले जनाएको छ। नामावलीमा रहेका त्रुटि सच्याउन अहिलेसम्म ४५ वटा निवेदन परेको छ । जन्ममिति मिलान, नागरिकता नम्बर थर संशोधनजस्ता विषय बढी रहेको सूचना अधिकारी विरप्रताप पुनले जानकारी दिए। उनका अनुसार त्रुटि सुधारका सबै कार्य मंसिर २० भित्र सम्पन्न हुनेछ ।

यसैबीच जिल्लामा मतदान स्थल परिवर्तनका लागि ९० वटा निवेदन परेको छ। दर्ता प्रक्रियामा युवा वर्गको सहभागिता उच्च रहेको कार्यालयको भनाइ छ ।

राष्ट्रिय परिचयपत्रका विवरण प्रयोग गरी घरमै बसेर अनलाइनमार्फत मतदाता दर्ता गर्न सकिने व्यवस्था लागू भएपछि नयाँ मतदाता थपिने दर उल्लेख्य रूपमा बढेको निर्वाचन कार्यालयले जनाएको छ। कात्तिक ३० गतेसम्म तोकिएको दर्ता अवधि नयाँ मतदाताको चापपछि आयोगले मंसिर ५ गतेसम्म थपेको थियो।

# " प्रतिजैविक प्रतिरोध रोकथाममा आजैबाट जुटौँ, हाम्रो वर्तमान जोगाऔँ, भविष्य सुरक्षित पारौँ "

❖ *डिल्लीराज पौडेल*

पृष्ठभुमी : प्रतिजैविक प्रतिरोध (एन्टीबायोटिक रेजिस्टेन्स) विश्वमा तिव्र रुपमा बढ्दै गएको एक गम्भीर स्वास्थ्य चुनौती हो। मानव, पशुपन्छी र वातावरणमा लाखौँ साना जीवीत तत्व हुन्छन् । त्यस्ता अनेकौ जिवीत तत्वहरूलाई उपकरणको सहायता विना हाम्रो आँखाले देख्न सकिदैन । त्यसैले यिनलाई हामी सुक्ष्मजीव पनि भन्ने गर्दछौ । यस किसिमका सुक्ष्मजीवहरू माटो, हावा, पानी र मानिस तथा पशुपन्छीको शरिरमा बस्छन् । जस्तै भाईरस, ब्याक्टेरिया, परजीवी र ढुसी आदी रहेका छन। कतिपय सुक्ष्मजीवहरू शरिरका लागि लाभदायक हुन्छन् भने कति हानिकारक रहेका हुन्छन।

हानिकारक शुक्ष्म जीवहरुका कारण मानिस तथा पशुपन्छीहरु बिरामी हुने गर्दछन । मानव तथा पशुपन्छीमा संक्रमण गराउने विभिन्न सुक्ष्मजीव विरूद प्रयोग गरिने औषधी जस्तै निमोनिया संक्रमण गराउने ब्याक्टेरिया विरूद्द एन्टिवायोटिक, भाइरस बिरूद्द एन्टिभाइरल, परजीवी विरूद्द एन्टिप्यारासाइट र फंगस विरूद्द एन्टिफंगल लगायतका औषधी नै प्रतिजैवीक (antimicrobial) औषधी हुन। उक्त औषधिको प्रयोग उचित ढंगले भएन भने मानव तथा पशुपन्छीमा सुक्ष्मजीवले औषधीको प्रतिरोध सृजना गर्न शुरु गर्दछन जसले गर्दा हामीले प्रयोग गर्ने औषधीले विस्तारै काम गर्न छाड्छन् । अर्थात्, सुक्ष्मजीव बलियो भइ औषधीको प्रतिरोध बढ्दै जाने गर्दछ । यस्तो अवस्थालाई प्रतिजैविक प्रतिरोध (Anti-Microbial Resistance) भनिन्छ । प्रतिजैविक प्रतिरोध विश्वव्यापीरूपमा चुनौतीको रूपमा देखा परेको छ किनकि यसले स्वास्थ्य, खाद्य सुरक्षा र आर्थिक सामाजिक विकास आदीमा नकारात्मक असर पारिरहेको हुन्छ।

प्रतिजैविक प्रतिरोध मानव स्वास्थ्यसँग मात्र सम्बन्धित छैन । यो पशुस्वास्थ्य, कृषि र वातावरणसँग पनि सम्बन्धित रहेको हुन्छ । जब संक्रमण गराउने ब्याक्टेरिया, भाइरस, फंगी (ढुसी) तथा परजीवीहरुले औषधीहरुप्रति प्रतिक्रिया देखाउन बन्द गर्छन् तब एन्टीमाइक्रोबियल रेजिस्टेन्सको विकास हुन्छ । एन्टिबायोटिक औषधिको अत्यधिक प्रयोग र दुरुपयोगले गर्दा मानिस, पशुपन्छी, बोटबिरुवा र वातावरणमा प्रतिजैविक प्रतिरोधी ब्याक्टेरिया (एन्टिबायोटिकले मार्न नसक्ने जीवाणु) को विकास हुन थाल्दछ।

जसले मानिस तथा पशुपन्छीहरुमा प्रतिजैविक प्रतिरोधको जोखिममा पारिरहेको हुन्छ । प्रतिरोधी सूक्ष्मजीवहरु जीवित हुने हुनाले यिनीहरू एक मानिसबाट अर्को मानिस, एक जनावरबाट अर्को जनावर र मानिसमा सर्न सक्छन् । पशुपन्छी र

वातावरणको अन्तरक्रियाबाट यिनीहरू चलायमान भई व्यापक रूपमा सङ्क्रमण फैलाउन सक्छ र अन्ततः यिनले प्रतिजैविक प्रतिरोध विस्तार मद्दत पुर्याउछन । जस्तै, पशुपन्छीमा एन्टिबायोटिक जस्ता एन्टीमाइक्रोबियलहरुको प्रयोग भयो भने पशुपन्छीको शरिरमा औषधिको प्रभाव वा अवशेष केही अवधिसम्म रहिरहन सक्छ।

यस्तो बेलामा ती पशुजन्य उत्पादन जस्तै दूध, अण्डा र मासुको प्रयोग हामिले गर्यौं भने ती औषधिको अवशेषहरू हाम्रो शरिरमा जान सक्छन् । त्यसपछि हाम्रो शरीरमा भएका सूक्ष्म जीवहरू ती प्रतिजैविक औषधिहरूको सम्पर्कमा आँउछन् र यिनीहरूले औषधिको प्रभावबाट बच्नका लागि आफूमा परिवर्तन ल्याउन सक्छन् । साथै पशुपन्छी फार्ममा सरसफाइको कमी भयो भने पनि विभिन्न माध्यमबाट प्रतिरोधि सुक्ष्मजीवहरू मानव शरिरमा प्रवेश गर्न सक्छन् । यसरी प्रतिरोधी जीवाणुहरू खाद्यपदार्थमार्फत् वा पशुपन्छीसँगको प्रत्यक्ष वा अप्रत्यक्ष संसर्ग मार्फत् मानिसमा सर्न सक्छन्। त्यसैगरी, औषधिको प्रयोग भइरहेको मानिस वा पशुपक्न्छीको दिसा पिसाब र अन्य फोहर सही तरिकाले व्यवस्थापन नगर्दा माटो वा पानीमा मिसिन सक्छ।

यसरी प्रतिजैविक औषधिले खोलानाला, नदी या माटोमा भएका सूक्ष्मजीवमा परिवर्तन ल्याई प्रतिजैविक प्रतिरोधी बनाउन सक्छ। त्यही खोलानाला र नदीबाट प्राप्त हुने पानी वा त्यही माटोमा उब्जिएको खानेकुरा उपभोग गर्नाले मानिस या पशुपन्छीहरुमा प्रतिरोधी सूक्ष्म जीव सम्पर्कमा आउन सक्छन् । तिनै प्रतिरोधी सूक्ष्मजीवहरूले मानिस या पशुपन्छीहरुमा गम्भीर रोग वृद्धि गर्नमा सहयोग पुर्याइरहेका हुन्छन । गाई, भैंसी, सुँगुर र कुखुराहरुमा उत्पादन बृद्धिका लागि र रोगहरुको रोकथामका लागि एन्टिबायोटिक्को अनुचित प्रयोग गर्ने गरिएको विभिन्न अध्ययनहरुले देखाएका छन् । उत्पादनमा बृद्धि गर्न वा रोग रोकथामका लागि तोकिएकोभन्दा कम मात्रामा दिइने औषधिले सुक्ष्मजीवमा प्रतिरोध क्षमता विकास गर्ने र यसको असर प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मानिसमा पर्ने सक्ने हुन्छ।

नेपाल जस्तो विकासोन्मुख देशमा ए.एम.आर. को प्रभाव अझै गम्भीर छ। चिकित्सको सिफारिस विना औषधिको अनियन्त्रित प्रयोग, पशुपालन र कृषि क्षेत्रमा अत्याधिक एन्टीबायोटिकको प्रयोगका कारण प्रतिरोधको वृद्धिदर दिनानु दिन बढिरहेको छ। यसको परिणामस्वरुप उपचार अवधि लम्बिने, आर्थिक बोझ बढ्ने, सामान्य रोग जटिल बन्ने र मृत्युदर समेत वृद्धि हुने समस्यारु देखिन थालेका छन् । यही चुनौतीलाई लक्षित गर्दै विश्व प्रतिजैविक प्रतिरोध सचेतना सप्ताह हरेक वर्ष नोभेम्बर १८ देखि २४ का बीच मनाईन्छ।

यस वर्ष २०२५ को नारा "प्रतिजैविक प्रतिरोध रोकथाममा आजैबाट जुटौँ, हाम्रो वर्तमान जोगाऔँ, भविष्य सुरक्षित पारौँ" भन्ने राखिएको छ। यो नारा केबल आग्रह मात्र होइन। मानव स्वास्थ्य, पशु स्वास्थ्य, कृषि प्रणाली र वातावरण सबैलाई समेट्ने एक स्वास्थ्य दृष्टिकोण अन्तर्गत सामुहिक जिम्मेवारी लिनुपर्ने कठोर यथार्थ हो। ए.एम.आरलाई रोक्न आज उठाइएका कदमहरुले मात्र भोलि सुरक्षित स्वास्थ्य

प्रणाली निर्माण गर्न सक्छन्। त्यसैले विश्व प्रतिजैविक प्रतिरोध सचेतना सबै सरोकारवालालाई एकै स्वरमा जोड्दै अब ढिलाई होइन, आजै सुरुवात र काम गर्न सबैमा सचेत गर्न आवश्यक रहेको छ।

एन्टिमाइक्रोबियलको दुरुपयोग र अत्यधिक प्रयोग नै प्रतिजैवीक प्रतिरोधको मुख्य कारक मानिएको छ । सफा पानी र सरसफाइको अभाव र संक्रमण रोकथाम तथा नियन्त्रणको कमीले सूक्ष्मजीवहरू फैलिरहेका हुन्छन् । यीमध्ये कतिपय सुक्ष्मजीवहरू प्रतिजैविक प्रतिरोधि पनि हुन्छन् । प्रतिजैविक औषधीको प्रयोग मानिसमा मात्र नभइ कृषि क्षेत्र जस्तै पशुपंक्षि, र बालिनालीमा पनि हुने गर्दछ।

त्यसैले प्रतिजैविक सुक्ष्मजीवहरू वातावरणबाट पनि फैलन सक्छन् । यसरी प्रतिजैवीक प्रतिरोधी सुक्ष्मजीवहरू मानिस, जनावर, खाना, बोटबिरुवा, पानी, माटो र हावा जताततै अस्तित्वमा हुन सक्छन् । तिनीहरू एक व्यक्तिबाट अर्को व्यक्तिमा वा मानिसहरू र जनावरहरू बीचमा फैलिन सक्छन् । मुख्य गरि आम मानिसमा सचेतनाको कमी, स्वास्थ्य शिक्षाको अभावले प्रतिजैवीक प्रतिरोध फैलनमा मद्दत गरेको छ।

### ***प्रतिजैविक प्रतिरोधः के हो र किन बढ्दैछ?***

लक्षित सूक्ष्म जीवाणुहरुले प्रतिजैविक औषधिहरुको कार्यमा रोकावट वा अवरोध पैदा गरी उपचार प्रभावहीन बनाउनु प्रतिजैविक प्रतिरोध रहेको हुँदा यसको प्रभाव बढ्दै जानुका कारणहरु, पार्ने असर र प्रतिरोध रोक्ने उपायहरुको बारेमा सचेतना हुनु अति आवश्यक रहेको छ।

## प्रतिरोध बढ्नुका प्रमुख कारणहरु

- एन्टीबायोटिक औषधिको प्रयोग बढ्दै जानु
- चिकित्सकको निर्देशन बिना औषधि चलाउनु
- पुरा कोर्स नसकाई बीचमै औषधि छाड्ने प्रवृत्ति
- पशुपालन, कृषि, माछापालनमा प्रतिजैविकको अत्यधिक प्रयोग
- वातावरणीय प्रदुषण तथा निष्कासित फोहोरका कारण औषधीय अवशेष माटो तथा पानीमा मिसिनु
- अनियन्त्रित औषधि वितरण र निगरानीको अभाव
- प्रति जैविक प्रतिरोधले के के असर गर्छ?
- सामान्य औषधि निष्प्रभावी बन्ने
- उपचार अवधि बढ्ने र खर्च अत्यधिक बढ्ने
- जटिल संक्रमणहरुको जोखिम बढ्ने
- नवजात शिशु, वृद्ध र दीर्घ रोगीमा मृत्युदर बढ्ने
- कृषिजन्य उत्पादनमा कमी र आर्थिक बोझ बढ्नुको साथै पशुहरुमा प्रतिजैविकको अत्यधिक प्रयोगले गर्दा मासु र दुधमा प्रतिरोधी जिवाणुहरुको मात्र बढ्ने र मानिसमा सरेर स्वास्थ्य समस्या निम्त्याउने सम्भावना बढ्ने।
- प्रतिजैविक प्रतिरोध कसरी रोक्ने ?
- प्रतिजैविक औषधिको उचित प्रयोग गर्ने
- चिकित्सकको निर्देशन बिना औषधि सेवन नगर्नेआफ्नो घर, गोठको सरसफाईमा विशेष ध्यान दिने
- औषधि खुवाएको २० दिनपछी मात्र पशुपन्छीलाई मासुको लागी प्रयोग गर्ने

❖ मानव, पशुपन्छी र बोटबिरुवाहरूमा प्रतिजैविक औषधीको उचित प्रयोग गर्ने, आवश्कता निर्कौल गरेर मात्र प्रयोग गर्ने ।

❖ स्वास्थ्य सेवा, समुदाय, कृषि र खाद्य उत्पादन प्रणालीमा पर्याप्त सरसफाइ, स्वच्छता, जैविक सुरक्षा, संक्रमण रोकथाम तथा नियन्त्रणका उपाय प्रभावकारी ढंगले अपनाउने र फोहोर-मैला व्यवस्थापन उचित ढंगले गर्ने ।

❖ किफायती तथा गुणस्तरीय प्रतिजैविक औषधी, खोप र निदानहरुमा समान पहुँच बढाउने।

❖ स्वास्थ्य सेवा, कृषि-खाद्य प्रणाली तथा औषधी उत्पादनबाट हुने प्रदूषणको व्यवस्थापन गर्ने ।

अन्त्यमा प्रतिजैविक प्रतिरोध एक दिनमा रोक्ने समस्या होइन । अर्थात, यो समस्या मानव स्वास्थ्य, पशुपन्छी, कृषि तथा वातावरणसँग सम्बन्धित विषय भएकोले यसको सचेतनाका लागि सम्बन्धित सबै सरोकारवालाहरु वीच समन्वय पहल हुन आवश्यक देखिन्छ । त्यसैले सबै क्षेत्रको साझा पहल, साझा नीती र साझा कार्यक्रम आवश्यक पर्ने भएकोले "एक स्वास्थ्यको अवधारणा अनुरुप जनस्वास्थ्य, पशुस्वास्थ्य, वनस्पति र वातावरणीय स्वास्थ्यका निकायहरूबाट एकिकृत प्रयास गर्ने उदेश्यले नेपाल सरकारले एक स्वास्थ्य रणनीति कार्यान्वयनमा जोड दिएको छ ।

# प्राथमिक मनोबैज्ञानिक सहयोग. .(हेर्ने,सुन्ने र जोड्ने)

❖ ***रुकुम टमटा (मनोविद्)***

चिन्ता र चितांको आगो मृत्युपछिको चितां ले लास जलाउन्छ भने मनको चिन्ताले जिउदो मन शरिर जलाउन्छ मानवीय संकट र स्वास्थ्य आपत्कालीन अवस्थाहरूमा,प्रायः सबै व्यक्तिले मानसिक तनाव र सामाजिक अशान्तता अनुभव गर्छन् ।




यस्तो अवस्थाको सामना गर्न आफ्नो मानसिक स्वास्थ्यको सोहेरचाह राख्ने उपाय खोज्नु आवश्यक हुन्छ । बाढी, विपद् र आपत्कालीन अवस्थाहरूले स्वास्थ्य र आरोग्यतामा गम्भीर असर पार्छन् ।विश्वमा प्रत्येक ७ जनामध्ये १ जनाले कुनै न कुनै प्रकारको मानसिक स्वास्थ्य समस्या अनुभव गर्छन् ।

त्यसैगरिव्यक्तिको जीवनमा आईपर्ने विभिन्न घटना (प्राकृतिक प्रकोप तथा मानव सृजित घटना) बाट आईपर्ने मनोबैज्ञानिक समस्याहरुलाई तत्काल न्यूनिकरण गर्न शुरुमा दिईने सहयोगलाई प्राथमिक मनोबैज्ञानिक सहयोग भनिन्छ । विभिन्न अवस्था वा समस्याका कारण व्यक्तिको मनमा उत्पन्न भएको असहज अवस्थालाई सहज बनाउन पहिलो चरणमा दिईने मनोबैज्ञानिक प्रकृतिको सहयोगलाई प्राथमिक मनोबैज्ञानिक सहयोग भनिन्छ ।

## विपद् को समयमा मानसिक स्वास्थ

आपतकालिन अवस्था वा अन्य कुनै घटनामा परि असुरक्षित महशुस गरेका, दुविधामा परेका, अस्थिर

भईरहेका तथा सशंकित महशुस गरिरहेका बालबालिका, किशोरकिशोरी, वयस्क, अभिभावक वा हेरचाहकर्ता, बृद्धबृद्धाहरु मध्ये आवश्यकता अनुसार प्राथमिक मनोबैज्ञानिक सहयोग दिनु पर्दछ । आपतकालिन वा दुर्घटनाग्रस्त क्षेत्रहरुमा अग्रपंतीमा काम गर्ने कार्यकर्ता तथा कर्मचारीहरुलाई पनि प्राथमिक मनोबैज्ञानिक सहयोग आवश्यक पर्न सक्छ।

## प्राथमिक मनोबैज्ञानिक सहयोग कसले दिने

- ❖ प्राथमिक मनोबैज्ञानिक सहयोग सम्बन्धि तालीमप्राप्त वा आवश्यक ज्ञान तथा अनुभव भएका व्यक्तिले यो सहयोग प्रदान गर्न सक्छन्।
- ❖ मनोविज्ञ तथा मनो चिकित्सक
- ❖ मनोविमर्शकर्ता
- ❖ मनोसामाजिक कार्यकर्ता
- ❖ सामाजिक कार्यकर्ता तथा स्वयंसेवक ,शिक्षक

समुदायका अगुवा, स्वास्थ्यकर्मि,संचारकर्मी ,परम्परागत उपचारकर्मी जब कुनै ठाउँ वा समुदायमा प्रकोप वा दुर्घटना हुन्छ, तब त्यस समुदायको परिस्थितिको अवलोकन अनुसार सिघ्र सहयोगको आवश्यकता भएमा प्राथमिक मनोबै ज्ञानिक सहयोग दिनुपर्दछ। प्राथमिक मनोबैज्ञानिक सहयोग कार्य थाल्नु अगाडी त्यस ठाँउमा उक्त सहयोगको लागि उपयूक्त वातावरण र सुरक्षा भए नभएको ख्याल गर्नुपर्दछ । त्यसैले सुरक्षाको ख्याल गर्दै निम्नानुसारका स्थानहरुमा प्राथमिक मनोबैज्ञानिक सहयोग गर्न सकिन्छ । घटनास्थलमै वा घटनास्थल नजिकै । ब्यक्तिहरु बसोबास गरिरहेको ठाउँ घर वा छाप्रोमा । शिविर वा अस्थाई बसोबास गरिरहेको ठाँउमा । बाटोको छेउमा ।छहारी वा चौतारीमा ।स्वास्थ्य चौकिमा । स्कुलहरुमा । पाटी–पौवा तथा धार्मिक स्थलहरुमा।

### प्राथमिक मनाबैज्ञानिक सहयोगका आधारभूत उद्देश्यहरु

- ❖ प्रभावित व्यक्ति वा समुदायलाई तत्काल शारीरिक तथा भावनात्मक सुरक्षा प्रदान गर्ने।
- ❖ मानिसहरुबीच आदरपूर्वक र भेदभाव विहिन सम्बन्धको स्थापना गर्ने।
- ❖ प्रभावित व्यक्तिहरुलाई शान्त र भावनात्मक रुपमा स्थिर बनाउने।
- ❖ प्रभावित व्यक्तिहरुलाई गम्भिर वा जटिल प्रकारका मनोबैज्ञानिक वा मानसिक समस्या हुनबाट जोगाउने।
- ❖ प्रभावित व्यक्तिहरुका तत्कालिन आवश्यकता पत्ता लगाउने र सोहि अनुसारको व्यबहारिक सहयोग प्रदान गर्ने। जतिसक्दो चाँडो प्रभावित व्यक्तिहरुलाई उनीहरुका परिवार, साथिभाइ, छरछिमेक लगायतका अन्य सामाजिक सहयोग संजालसंग जोड्ने।
- ❖ घटना पश्चात परेको मनोबैज्ञानिक समस्या वा कठिनाईसंग सामना गर्नको लागि व्यक्तिलाई सहयोगी सुचनाहरु प्रदान गर्ने।
- ❖ समस्यामा रहेका व्यक्तिलाई पूर्ण रुपमा सामान्य जीवनमा फर्किनको लागि आवश्यक पर्ने सहयोगको पहिचान गरि सोहि अनुसारको सहयोग प्राप्त गर्नको लागि सहयोग गर्ने।
- ❖ आवश्यकता अनुसार गोपनियता कायम गर्नुहोस्।

# बिचार

वर्ष ७ अङ्क १७ २०८२ मंसिर ०७ आईतबार

विस्तारै बोल्नुहोस् र सरल भाषाको प्रयोग गर्नुहोस्: शब्दका छोट्करी रुप प्रयोग नगर्नुहोस् ।यदि व्यक्तिले बोल्न चाहन्छ भने, उसले के भन्न खोज्दैछ र आफूले कसरी सहयोग गर्न सकिन्छ भन्ने दृष्टिले ध्यान दिएर सुन्नुहोस् । व्यक्तिका सकारात्मक प्रयासहरुलाई प्रोत्साहन गर्नुहोस् र तत्कालिन जिज्ञाशालाई समेट्ने गरी उपयूक्त र सहि जानकारी दिनुहोस् ।

**प्राथमिक मनोबैज्ञानिक सहयोगका मूख्य कार्यहरु**

**पूर्वतयारी** : प्राथमिक मनोवैज्ञानिक सहयोग प्रदान गर्ने क्रममा सहयोगकर्तालाई मनोवैज्ञानिक तथा भौतिक रुपमा तयार गराउने र सहयोगकर्तालाई समस्यारहित ढंगबाट कार्यसम्पादनका लागि सहयोग गर्ने । **सम्पर्क र संलग्नता :** आफूलाई सहयोगीको रुपमा चिनाउने र सम्बन्धित व्यक्ति तथा समूहलाई सहयोगको लागि कोहि आएको महशुस गराउने र सेवा लिनको लागि तयार बनाउने । **सुरक्षा र आराम :** ब्यक्तिलाई तत्कालको अवस्थामा शारीरिक तथा मनोबैज्ञानिक सुरक्षा र आरामको महशुस गराउने । **सूचना संकलन:** व्यक्तिको वर्तमान अवस्था, समस्या र आवश्यकता पहिचानगरी सहयोगको पूर्व तयारी गर्ने । **व्यबहारिक सहयोग :** न्यूनतम आधारभूत आवश्यकतालाई पुरा गरि मानवअधिकार संरक्षरणको उपायहरुक खोजी गर्ने र प्रभावित व्यक्ति तथा समूहलाई सामाजिक संरचनासंग जोड्न सहयोग गर्ने ।

# सामाजिक उत्तरदायित्व

**सार्वजनिक प्रशासनमा सामाजिक उत्तरदायित्व भन्नाले के बुझिन्छ ?**

**सार्वजनिक प्रशासनमा सामाजिक उत्तरदायित्व किन आवश्यक छ ? सार्वजनिक प्रशासनमा सामाजिक उत्तरदायित्व सुनिश्चित गराउने औजार प्रस्तुत गर्नुहोस् ।**

सार्वजनिक निकाय आफ्ना निर्णय र कामकारबाहीको सम्बन्धमा सोबाट प्रभावित हुने नागरिक तथा समुदायप्रति जवाफदेही बन्नुपर्ने सार्वजनिक प्रशासनको सामाजिक उत्तरदायित्वको रूपमा बुझिन्छ । सामाजिक उत्तरदायित्वले सार्वजनिक निकायलाई नागरिक र समुदाय केन्द्रित भई कामकारबाही, व्यवहार र आचरण गर्नुपर्ने मान्यताको वकालत गर्छ । नागरिक, समुदाय, नागरिक समाज तथा सामुदायिक सङ्घ सङ्गठनको सक्रिय सहभागिताको माध्यमबाट सार्वजनिक निकायलाई नीति निर्माण र कार्यान्वयन, स्रोतसाधन परिचालन, सेवा प्रवाह, विकास व्यवस्थापनलगायतका कामकारबाहीका सम्बन्धमा जवाफदेही बनाउन विभिन्न माध्यम तथा संयन्त्रको व्यवस्था गरिएको हुन्छ। यिनै माध्यमलाई सामाजिक उत्तरदायित्वका औजार भनिन्छ । **सार्वजनिक प्रशासनमा सामाजिक उत्तरदायित्वको आवश्यकता :** सार्वजनिक नीति कार्यान्वयनमा नागरिकको साथ, सहयोग र सद्भाव प्राप्त गर्न, सार्वजनिक प्रशासनलाई जनमुखी, जनसेवी र पारदर्शी बनाई सुशासनयुक्त संयन्त्रको रूपमा विकास गर्न,सामाजिक न्याय र समानता प्रवर्धन गर्न, समाजको आर्थिक सामाजिक रूपान्तरणलाई गति दिन, वातावरणमैत्री नीति कार्यान्वयन गरी पर्यावरणीय सन्तुलन र दिगो विकास हासिल गर्न, सरकारप्रतिको नागरिक विश्वास र विश्वसनीयता अभिवृद्धि गर्न, सार्वजनिक प्रशासनमा नैतिक मूल्य र आचरणलाई

प्रवर्धन गर्न, सार्वजनिक प्रशासनले सामाजिक वैधता प्राप्त गर्न।

**सामाजिक उत्तरदायित्वका माध्यम :** सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, नागरिक बडापत्र,नागरिक प्रतिवेदन कार्ड, सामुदायिक स्कोर कार्ड, सूचनाको हकको कार्यान्वयन, सहभागितामूलक योजना तथा बजेट प्रणाली, सार्वजनिक खर्च निगरानी प्रणाली, गुनासो सुनुवाइ संयन्त्र, आयोजना सूचना पाटी, सूचनाको स्वः प्रकाशन, प्रगति प्रतिवेदन र समीक्षा, सामाजिक सञ्जाल, खोज पत्रकारिता। अन्त्यमा माग पक्षको रूपमा रहेको नागरिकको सक्रिय सहभागिताको माध्यमबाट सार्वजनिक पदाधिकारीका कामकारबाही र व्यवहारलाई जिम्मेवार र जवाफदेही बनाउने विषय नै सामाजिक उत्तरदायित्व हो। सार्वजनिक निकाय स्वयम् जिम्मेवार भई आफ्ना सेवाग्राही र सरोकारवाला सामाजिक पात्रप्रति जवाफदेही बन्नुपर्ने कुरामा समेत यसले जोड दिन्छ। सार्वजनिक निकायका सूचनाको खुलासा, पारदर्शी व्यवहार र कार्यशैली अवलम्बन, नैतिकता र पेसागत आचरणको पालना, क्षतिपूर्तिसहितको नागरिक बडापत्र कार्यान्वयन, नागरिक संलग्नता र सक्रिmयता, गुनासो सुनुवाइ संयन्त्रको सुदृढीकरण जस्ता उपायबाट सार्वजनिक प्रशासनमा सामाजिक उत्तरदायित्व अभिवृद्धि गर्न सकिन्छ।

**नेपालमा सङ्घीय राज्यको संरचना के कसरी निर्धारण गरिएको छ ? संवैधानिक व्यवस्थासमेतका आधारमा स्पष्ट पार्नुहोस्। साथै तीन तहका सरकारले संरक्षण गर्नुपर्ने साझा विषयसमेत उल्लेख गर्नुहोस्।**

नेपालको संविधानले नेपालको शासन प्रणालीमा सङ्घीयता संस्थागत गराएको छ। सङ्घीयताको मर्मबमोजिम राज्यशक्तिलाई तीन तहमा विभाजन गरी अभ्यास गरिएको छ। साविकको एकात्मक राज्य संरचनालाई देहायबमोजिम गरी सङ्घीय राज्य संरचना तयार गरिएको छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने, तीन वटै तहले संविधान र कानुनबमोजिम राज्यशक्तिको प्रयोग गर्ने, संविधानको अनुसूची–४ मा उल्लेख भएबमोजिमका ७७ जिल्ला रहेका सात प्रदेश रहने, प्रदेशको नामकरण सम्बन्धित प्रदेश सभाको सम्पूर्ण सदस्य सङ्ख्याको दुई तिहाइ बहुमतबाट हुने, स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहने, जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबिच समन्वय गर्न प्रत्येक जिल्लामा जिल्ला सभा रहने गाउँपालिका र नगरपालिकामा रहने वडाको सङ्ख्या सङ्घीय कानुनबमोजिम निर्धारण हुने, सङ्घीय कानुनबमोजिम सामाजिक सांस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिने, गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको सङ्ख्या र सीमाना निर्धारण गर्न नेपाल सरकारले मापदण्ड तय गर्ने र आयोग गठन गर्ने।

**सङ्घ, प्रदेश र स्थानीय तहले संरक्षण गर्नुपर्ने साझा विषयः** नेपालको संविधानको धारा ५६ मा

उल्लेख भएबमोजिम सङ्घ, प्रदेश र स्थानीय तहले देहायका विषयको संरक्षण गर्नु पर्छ : नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता,राष्ट्रिय हित, सर्वाङ्गिण विकास, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक सङ्घीय शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक, कानुनी राज्य, शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन, बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचान । अन्त्यमा नेपालले अवलम्बन गरेको सङ्घीयतामा तहगत सरकारबिचको सम्बन्धलाई सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने भनी उल्लेख गरिएको छ । साथै सङ्घीयताको माध्यमबाट राष्ट्रिय एकता मजबुद बनाउँदै राष्ट्रिय समृद्धि हासिल गर्न तीनै तहले संरक्षण गर्नुपर्ने भनी साझा दायित्व निर्धारण गरिएको छ । संविधानमा उल्लेख गरिएका यी दायित्वप्रति जिम्मेवार बन्दै तिनै तहका सरकारले आपसी समन्वय, सहकार्य र सहयोग विस्तार गर्दै जानु पर्छ ।

**लोकतान्त्रिक व्यवस्थामा निर्वाचनको महत्व उल्लेख गर्दै निर्वाचनका विश्वव्यापी मान्यता जानकारी गराउनुहोस् । साथै निर्वाचन कसरी सम्पन्न गरिन्छ ? यसका आधारभूत प्रक्रियागत चरण उल्लेख गर्नुहोस् ।**

मतदाताको रोजाइको आधारमा जनप्रतिनिधि चयन गर्ने विधिवत् प्रक्रियालाई निर्वाचन भनिन्छ । यसले जनताको अभिमतलाई प्रतिनिधिका रूपमा रूपान्तरण गर्छ । यसको माध्यमबाट जनताले रोजेका प्रतिनिधिमार्फत शासित हुन चाहने जनइच्छालाई साकार पार्न सकिन्छ । लोकतान्त्रिक व्यवस्थामा निर्वाचनको महत्वलाई यस प्रकार उल्लेख गर्न सकिन्छ :नागरिकको राजनीतिक अधिकारको अभ्यास गर्न, राज्यशक्तिको प्रयोगमा नागरिकलाई हिस्सेदार बनाई नागरिकको इच्छा अनुसार राज्यशक्तिको प्रयोग गर्न, मुलुकको राजनीतिक व्यवस्थालाई गतिशीलता प्रदान गर्न, नागरिकको इच्छा अनुसार प्रतिनिधि चयन गर्न, नागरिक अभिमतको सम्मान गर्न, नागरिकलाई आफूले चयन गरेका प्रतिनिधिमार्फत शासन सञ्चालनमा सहभागी बनाउन, सामूहिक निर्णय प्रक्रियालाई संस्थागत गरी सरकारलाई नागरिकप्रति जवाफदेही बनाउन, आवधिक रूपमा जनमत नवीकरण गरी सरकारको वैधता स्थापित गर्न, लोकतान्त्रिक शासन व्यवस्थालाई सुदृढ बनाउन । निर्वाचनका विश्वव्यापी मान्यता : मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २१ मा उल्लेख भएका चार मुख्य मान्यतालाई निर्वाचनका विश्वव्यापी मान्यताको रूपमा लिने गरिन्छ । जुन यस प्रकार रहेका छन् । क)निर्वाचनमा सहभागिता : प्रत्येक नागरिकलाई स्वतन्त्र रूपले आफूले चाहेको प्रतिनिधि चुन्न वा चुनिनका लागि तथा आफूद्वारा छानिएका प्रतिनिधिमार्फत देशको सरकारको भाग लिने अवसर सुनिश्चित गरिनु पर्छ । ख) आवधिक र निष्पक्ष निर्वाचन : तत्कालको जनादेशलाई प्रतिनिधित्व गर्न निर्वाचन निश्चित समयमा हुनु पर्छ । निर्वाचको प्रक्रिया निष्पक्ष र स्वतन्त्र हुनु पर्छ । निर्वाचन विश्वसनीय र वैधानिक हुनु पर्छ । ग) विश्वव्यापी र समान मताधिकार : प्रत्येक नागरिकलाई उसको वैचारिक, शारीरिक, जातीय,

लैङ्गिक, शैक्षिक वा अन्य कुनै पनि आधारमा भेदभाव नगरी समान मताधिकार सुनिश्चित गर्नु पर्छ । प्रत्येक मतदाताको मतको समान मूल्य हुने कुरा सुनिश्चित गरिनु पर्छ । घ) गोप्य मतदान : मतदाताले आफूले गरेको मतदान गोप्य राख्न तथा अरूले थाहा नपाउने गरी स्वतन्त्र मतदान गर्न पाउने अधिकार सुनिश्चित गरिनु पर्छ ।

**निर्वाचनका आधारभूत प्रक्रियागत चरण :** निर्वाचनको तयारीदेखि निर्वाचनको परिणाम घोषणा गर्ने समयसम्म विभिन्न प्रक्रियागत चरण पार गर्नु पर्छ । यस्ता प्रक्रियागत चरण मूलतः यस प्रकार रहेका हुन्छन् ।निर्वाचन मिति घोषणा, निर्वाचन कार्यक्रम सार्वजनिकीकरण, अन्तिम मतदाता नामावली प्रकाशन, उम्मेदवारको स्वतन्त्र मनोनयन, स्वच्छ र स्वतन्त्र प्रचारप्रसार, एक व्यक्ति एक मतका लागि गोप्य मतदान, वैधानिक तवरबाट मतगणना, निर्वाचन परिणाम घोषणा । अन्त्यमा लोकमत मापन गर्ने वैधानिक विधि नै निर्वाचन हो । यसले लोकतान्त्रिक व्यवस्थामा ताजा रक्त सञ्चार गराउँछ । अन्तर्राष्ट्रिय मूल्यमान्यतामा आधारित रही संविधान तथा अन्य कानुनमा निर्वाचन प्रणालीको व्यवस्था गरी निर्वाचन प्रक्रिया निर्धारण हुने गर्छ । निर्वाचन प्रक्रिया चरणबद्ध र लामो समय लिने प्रकृतिको हुने हुँदा यसको वैधानिकताका लागि समेत प्रव्रिmयागत चरण अवलम्बन गर्नु पर्छ ।

### तेस्रो सार्वजनिक वित्तीय व्यवस्थापन सुधार राष्ट्रिय रणनीति २०८२–२०८७ का उद्देश्य र रणनीतिक स्तम्भ उल्लेख गर्दै नेपालको सार्वजनिक वित्तीय व्यवस्थापनका सम्बन्धमा यस रणनीतिले अगाडि सारेका मार्गदर्शक सिद्धान्त एवं मान्यतासमेत प्रस्तुत गर्नुहोस् ।

सार्वजनिक स्रोतको विवेकशील प्रक्षेपण तथा कुशल सङ्कलन, विनियोजन र उपयोगका माध्यमबाट अधिकतम शासकीय लाभ हासिल गर्न अवलम्बन गरिने नीति, विधि, प्रक्रिया, संरचना र कार्य व्यवहारको सुधारलाई समष्टिगत रूपमा सार्वजनिक वित्तीय व्यवस्थापन सुधारको रूपमा बुझिन्छ । नेपाल सरकारले सार्वजनिक वित्तीय व्यवस्थापन सुधारको सन्दर्भमा विभिन्न नीतिगत, कानुनी, संरचनागत तथा प्रणालीगत सुधार गर्दै आएको छ । नेपालमा सङ्घीय शासन प्रणाली अवलम्बन गरिएपश्चात् पहिलो पटक तर्जुमा गरिएको यस तेस्रो सार्वजनिक वित्तीय व्यवस्थापन सुधार राष्ट्रिय रणनीति २०८२–२०८७ का प्रमुख उद्देश्य यस प्रकार छन् । विश्वसनीय, प्रमाणमा आधारित बजेट तथा दिगो आर्थिक अनुशासन, कार्यसम्पादनमा आधारित बजेट प्रणालीको माध्यमबाट नतिजातर्फ उन्मुख हुने,राजस्व सङ्कलन तथा प्रतिवेदनका लागि आधुनिक, सरल र प्रभावकारी प्रणालीको सञ्चालन, प्रभावकारी खरिद प्रक्रिया तथा स्थिर परियोजना प्रशासन संयन्त्र, दिगो सार्वजनिक ऋण व्यवस्थापन तथा वित्त जोखिमको न्यूनीकरण, अन्तरसरकारी तथा अन्तर निकायबिच सुदृढ समन्वय तथा स्वचालित आर्थिक हस्तान्तरण,नागरिकले पहुँच पाउन सक्ने र सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन सूचना प्रणालीको विकास,नागरिक संलग्नतामार्फत सहभागितामूलक लेखापरीक्षण प्रक्रिया, वित्त खाकामा

जलवायु तथा लैङ्गिक प्राथमिकताहरूको समायोजन,पारदर्शी, समावेशी शासन प्रणालीमार्फत विश्वास र जवाफदेहिता प्रवर्धन ।तेस्रो सार्वजनिक वित्तीय व्यवस्थापन सुधार राष्ट्रिय रणनीतिले तय गरेका रणनीतिक स्तम्भ : क) बजेटको विश्वसनीयता : यथार्थपरक वित्त प्रक्षेपणमार्फत वार्षिक तथा मध्यमकालीन बजेटहरूको विश्वसनीयतामा सुधार गर्ने। ख) बजेटको कार्यान्वयन, लेखाङ्कन तथा प्रतिवेदन : स्रोतको अधिकतम प्रयोग, लेखाप्रणाली तथा गुणस्तरीय वित्तीय प्रतिवेदनको सुनिश्चितताका लागि सुदृढ मापदण्ड तथा प्रक्रिmयासहित बजेट कार्यान्वयन गर्ने। ग)राजस्व व्यवस्थापन : राजस्व सङ्कलन तथा अनुपालनलाई प्रभावकारी बनाउन आधुनिक तथा कुशल राजस्व व्यवस्थापन गर्ने।

घ) अन्तरसरकारी वित्त व्यस्थापन : तीन तहको प्रतिवेदन प्रणालीसँग पूर्णरूपमा अन्तरआबद्ध पारदर्शी, सामयिक र नियममा आधारित अन्तरसरकारी वित्तीय हस्तान्तरण प्रणाली निर्माण गर्ने। ङ) ऋण तथा वित्त जोखिम व्यवस्थापन : वित्त जोखिम तथा सार्वजनिक ऋणको दिगोपन व्यवस्थापन। च) सम्पत्ति व्यवस्थापन : सुशासनका लागि कुशल र उत्तरदायी सम्पत्ति व्यवस्थापनलाई सुदृढ बनाउने। छ) बाह्य निगरानी, पारदर्शिता र जवाफदेहिता : प्रभावकारी बाह्य निगरानी तथा सार्वजनिक वित्तीय प्रणालीमा नागरिक सहभागितामार्फत पारदर्शिता तथा जवाफदेहिताको प्रवर्धन गर्ने।

**सार्वजनिक वित्तीय व्यवस्थापन सुधार राष्ट्रिय रणनीतिका मार्गदर्शन सिद्धान्त :**क) निष्ठा : सार्वजनिक कोषको व्यवस्थापनमा उच्च नैतिक आचरण पालना गर्दै पारदर्शिता र जवाफदेहिताको माध्यमबाट जनविश्वास आर्जन गरिनु पर्छ। यसमा नीति, कानुन र नैतिक आचरणप्रति प्रतिबद्ध हुनु आवश्यक हुन्छ। ख) निष्पक्षता : पक्षपात र भेदभाव नगरी विना पूर्वाग्रह निष्पक्ष र तटस्थ भएर वित्तीय क्षेत्रका प्रक्रिया र निर्णय अवलम्बन भएको सुनिश्चित गरिनु पर्छ। ग) वस्तुनिष्ठता : निष्पक्ष विश्लेषण, तथ्यगत प्रमाण र गहन तथा सूक्ष्म मूल्याङ्कनका आधारमा वित्तीय निर्णय लिनु पर्छ। घ) समावेशिता : वितीय निर्णय र स्रोत विनियोजनमा विभिन्न क्षेत्रको दृष्टिकोण तथा धारणाहरू सुनिश्चित गरिनु पर्छ।ङ) व्यावसायिकता : सार्वजनिक वित्तीय व्यवस्थापनमा संलग्न व्यक्तिको व्यवहार, कार्यदक्षता र नैतिकता उच्चस्तरको हुनु पर्छ। च) जलवायु उत्थानशीलता : वित्तीय योजना निर्माण तथा निर्णय प्रक्रियामा वातावरणीय दिगोपनाको आन्तरिकीकरण गर्नु पर्छ ।अन्त्यमा सार्वजनिक वित्तीय व्यवस्थापन सुधार मुलुकमा उपलब्ध वित्तीय स्रोतको महत्तम परिचालन गरी अधिकतम लाभ हासिल गर्ने कुरामा केन्द्रित हुन्छ । तेस्रो सार्वजनिक वित्तीय व्यवस्थापन सुधार राष्ट्रिय रणनीतिले नेपालले अवलम्बन गरेको सङ्घीय शासन प्रणालीमा सार्वजनिक वित्तीय व्यवस्थापन सुधार गरी सङ्घीय शासन प्रणालीको माध्यमबाट मुलुकको विकास र समृद्धिको सपना साकार पार्न जोड दिएको छ। यसका लागि रणनीतिमा उल्लेख भएका रणनीतिक स्तम्भमा केन्द्रित भई अन्तरसम्बन्धित विषयमा समेत ध्यान दिई रणनीति कार्यान्वयन गर्दै जानु पर्छ।

***प्रस्तुतकर्ता : अर्जुन शर्मा***